कार्यपालिकाको निर्णय
मितिः २०७६।१२।२१
बैठक सँख्याः २४
प्रमाणित गर्नेः विश्वेश्वर प्रसाद ओझा
(नगर प्रमुख)

# असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६

कोभिड–१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थावाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवन यापनको लागि अमरगढी नगरपालीका राहत उपलब्ध गराउने गरी नेपाल सरकार, मन्त्रिपरिषद् वाट भए निर्णय कार्यान्वयन गर्न अमरगढी नगरपालिकाले यो मापदण्ड तयार गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड २०७६" रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अवधिसम्मको लागि लागु हुनेछ।

(३) यो मापदण्ड अमरगढी नगरपालिका क्षेत्र भित्र लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा:

क) असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४, बमोजिमका श्रमिक, कामदार तथा मजदुर सम्झनु पर्छ।

ख) "असहाय" भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्वारा चर्च वा बृद्धाश्रममा बस्ने व्यक्ति सम्झनु पर्छ।

ग) राहत भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम सम्बिन्धीत स्थानीय तहले दफा ४ बमोजिमका श्रमिक वर्ग तथाअसहायहरुलाई प्रदान गरिने दफा ५ बमोजीमको सामाग्री सम्झनु पर्छ।

घ) "नगरपालिका" भन्नाले अमरगढी नगरपालिका डडेल्धुरालाई सम्झनुपर्छ।

**३. अभिलेख राख्नुपर्ने :** (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयले अभिलेख तयार गर्नु पर्नेछ।

क) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक,

ख) पर्यटक भरिया, निर्यात सामाग्री भरिया तथा सवारी साधन नचल्ने, वाटोमा आवश्यक वस्तुहरु ओसार पसार गर्ने व्यक्ती,

ग) ट्रक, ट्रिपर, भ्यानवाट सामान लोड अनलोड गर्ने श्रमिक,

घ) अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरि काम गर्ने कृषि मजदुर,

ङ) आफ्नो नातेदार बाहेकको ब्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई, शिशु तथा ज्येष्ठ नागरिक स्यार जस्ता सेवा गर्ने ब्यक्ति।

च) गिट्टी कुट्ने, वालुवा चाल्ने तथा इटा भट्टामा काम गर्ने मजदुर।

छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर।

ज) नाङ्लो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले ठेला गाडा तथा साइकिलमा सामान विक्रि वितरण गरी गुजारा गने तथा अन्य ब्यक्तिको पसलमा काम गर्ने मजदुर।

झ) देहायका यातायात मजदुर :

१) अन्य ब्यक्तिको माल बाहक सवारी तथा डेलीभरि, भ्यान चलाउने सवारी चालक, सहचालक।

२) दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक।

३) रिक्सा तथा ठेलागाडा चालक।

४) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर।

ञ) अन्य ब्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ्ग गलैचा, बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर।

ट) नगरपालकिा क्षेत्रमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य ब्यक्ति।

(२). यस दफा बमोजीम राहत पाउने परिवार तथा ब्यक्तिको अभिलेख सम्बन्धीत वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई तीन दिन भित्र तयार गरी सार्वजनिक गर्ने र सोको एक प्रति नगरपालीकामा पठाउनु पर्नेछ।

<u>४. राहत वितरण गनुपर्ने:</u> दफा ३ बमोजीमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसुची २ बमोजिमको ढाँचामा विरण राखि दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नु पर्नेछ।

<u>५. राहत सामग्री:</u> (१) खाद्य आबश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरुलाई प्रति परिवारका लागि देहायका सामग्री राहत स्वरुप वितरण गरिनेछ :

(क) चामल १५ किलोग्राम

(ख) दाल २ किलोग्राम

(ग) नुन १ प्याकेट

(घ) खाने तेल १ लिटर

(ङ) साबुन २ वटा

(२) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एक इकाई मानि सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ। साथै, परिवार संख्या कायम गर्दा चार जना सम्म भए उपदफा (१) बमोजिमको राहत सामग्री तथा सो भन्दा बढी परिवार संख्या भए पुरै राहत समाग्री वितरण गरिनेछ।

(३) तर उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि १ जना मात्र परिबार संख्या भएकोलाई लाई ५ केजी चामल, १ केजी दाल, नुन १ प्याकेट, खाने तेल १ लिटर, साबुन १ वटा उपलब्ध हुनेछ। ४ जना सम्मको परिबारलाई चामल १० केजी र अन्य सामग्री उपदफा (१) अनुरुपको सामाग्री उपलब्ध हुनेछ।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनीसँग संगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै बैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामग्री वितरण गरिने छैन।

(५) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको एकै परिवारको एकभन्दा बढी सदस्यलाई राहत सामग्री वितरण गरिने छैन।

(६) यस मापदण्ड बमोजिम वितरण राहत सामग्री अखाद्य बस्तु प्रयोग नभएकौ हुनुपर्ने छ।

(७) नगरपालिकाबाट वितरण हुने राहत सामाग्रीमा गुणस्तरीय मोटो चामल उपलब्ध हुनेछ ।

(८) आफ्नो नाममा कुनै फर्म, निर्माण इजाजत पत्र, स्थायी लेखा नं. (PAN) लगायतको अनुमति लिई कारोबारमा संलग्न व्यक्तिहरुलाई राहत उपलब्ध हुनेछैन ।

**६. वितरण गर्ने विधि :** (१) देहायको बिधि अबलम्बन गरी दफा ५ बमोजिमको राहत सामग्री वितरण गर्नु पर्नेछ :

(क) राहत वितरणको लागि सम्बन्धित वडा समितिले सामग्री खरिद गरी वितरण गर्ने ।

(ख) सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य ब्यबस्थापकीय समस्याका कारणले वडा समितिबाट वितरण गर्न नसक्ने अबस्था भएमा देहाय बमोजिम गर्ने ।

(१) आफ्नो क्षेत्र भित्र दफा ५ बमोजिमको सामग्री उपलब्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्ताबाट मूल्य सूची लिई सोको आधारमा सामग्रीको गुणस्तर तथा मूल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपूर्तिकर्ता छनौट गर्ने ।

(२) दफा ३ बमोजिमको लागतमा परेका श्रमिक वर्ग तथा असहायहरुलाई वडा अध्यक्ष वा निज तोकेको वडा सदस्यले कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपूर्तिकर्ताबाट राहत सामग्री उपलब्ध गराउने ।

**७. साझेदारी तथा समन्वय:**

(१) कुनै निकाय, संघ संस्था तथा व्यक्तिले राहत सहायता दिन चाहेमा नगरपालिकामा सम्पर्क गरी अनुमति लिनु पर्नेछ ।

(२) यस मापदण्डले तोकेको मापदण्ड अनुरुप सहयोग/ राहत सामाग्रीहरु भएमा साझेदारी तथा समन्वयमा मापदण्ड बमोजिम वडा समिति मार्फत वितरण गर्नु पर्नेछ ।

**८. राहत वितरणको अभिलेख र प्रतिबेदन:** (१) सम्बन्धित वडाले अनुसूची-२ बमोजिमको राहत बितरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नु पर्नेछ र एक प्रति नगरपालिकामा पठाउनु पर्नेछ ।

(२) नगरपालिकाले राहतको प्रतिबेदन अनुसूची ३ बमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचय पत्र तथा पंजीकरण बिभाग र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) नगरपालिकाले राहत वितरणको नियमित अनुगमन गर्नेछ र राहत वितरणको प्रतिबेदन सार्वजनिक गर्नु पर्नेछ ।

**९. कारवाही सम्बन्धि व्यवस्था:** (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पुरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुदैन ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकरिबाट निजले सिफारिस गरेको हदसम्मको रकम नगरपालिकाले निजबाट असुल गर्नु पर्नेछ ।

अनुसूची १

(दफा ३ सँग सम्बन्धित)

अभिलेखको ढाँचा

**राहत प्राप्त गर्ने व्यक्तिको विवरण :**

१. नाम थर: २. बाबुको नाम: ३. बजेको नाम:

४. स्थायी ठेगाना: ५. हालको ठेगाना:

६. टेलिफोन वा मोबाइल नम्बर (भएमा) :

७. दैनिक ज्यालादारीमा कार्यरत स्थान: ८ गर्ने गरेको कामको विवरण:

९. परिवार सँख्या:

१०. पेश गरेको कागजातको विवरण: (कम्तिमा कुनै एक कागजात संग्लग्न गर्नु पर्ने )

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा

ख) गरिब घर परिवार परिचयपत्रको प्रतिलिपि वा

ग) सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा

घ) अन्य:

**१०: राहत लिने व्यक्तिको स्व: घोषणा:**

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुबिधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठिक साचो हो । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउला ।

**निवेदक :**

दस्तखत:

मिति:

औँठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

सिफारिस गर्ने पदाधिकारी:-

दस्तखत:

नाम: पद:

मिति:

अमरगढी नगरपालिका डडेल्धुरा

वडा नं. :

अनुसूची २

(दफा ८ को उपदफा १ सँग सम्बन्धित)

अमरगढि नगरपालिका, डडेल्धुरा

वडा नं. : .............

राहत वितरणको अभिलेख

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको बिबरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**<u>राहत वितरण गर्नेको</u>**

दस्तखत:

नाम थर:

टेलिफोन नं. :

अनुसूची ३

(दफा ८ को उपदफा २ सँग सम्बन्धित)

अमरगढि नगरपालिका, डडेल्धुरा

प्रतिबेदनको ढाँचा

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको बिबरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

<u>निबेदन गर्नेको</u>:

दस्तखत:

नाम थर:

टेलिफोन नं. :